आज मिति २०८२ चैत्र ५ गते विहविारका दिन विहान १०:०० बजे यस नौविहनी गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री दिल बहादुर थापाको अध्यक्षतामा आ. व. २०८२/०८३ को कार्यपालिकाको एघारौं बैठक वसी तपशिल वमोजिमका निर्णय गरियो ।

**उपस्थितिहरु :-**

| | | |
|---|---|---|
| १. | श्री दिल बहादुर थापा | (गाउँपालिका अध्यक्ष) |
| २. | श्री विस्ना थापा | (गाउँपालिका उपाध्यक्ष) |
| ३. | श्री घन बहादुर बुढा मगर | (सदस्य) |
| ४. | श्री गोपिराम घर्ति मगर | (सदस्य) |
| ५. | श्री दिल बहादुर के. सी. | (सदस्य) |
| ६. | श्री भिम बहादुर घर्ति मगर | (सदस्य) |
| ७. | श्री दलराज पुन मगर | (सदस्य) |
| ८. | श्री मान बहादुर के. सी.-६ | (सदस्य) |
| ९. | श्री रोम प्रसाद बुढाथोकी | (सदस्य) |
| १०. | श्री मान बहादुर के.सी.-८ | (सदस्य) |
| ११. | श्री शुसिला सुनार | (सदस्य) |
| १२. | श्री लाली गिरी | (सदस्य) |
| १३. | श्री मिन बहादुर सुनार | (सदस्य) |
| १४. | श्री लाल बहादुर सुनार | (सदस्य) |
| १५. | श्री रबिना मल्ल | (सदस्य) |
| १६. | श्री इन्द्रा सुनार | (सदस्य) |
| १७. | श्री खड्ग बि. क. | (सदस्य सचिव) |

**आमन्त्रित :-**

| | | |
|---|---|---|
| १८. | श्री तेजेन्द्र बुढा मगर | (कम्प्यूटर अपरेटर) |
| १९. | श्री दिलमाया खड्का | (नगर प्रहरी) |
| २०. | श्री हिरा बं के सी | (जी.सी.) |

मिति २०८२।१२।०५ गते बसेको गाउँकार्यपालिका बैठकका निर्णयहरु:

१. गत कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरी कार्यान्वयन हुन नसकेका र कार्यान्वयनको चरणमा रहेका निर्णयहरु कार्यान्वयनमा तिव्रता दिने।

२. गाउँपालिकाले भाडामा लिई सञ्चालन गरेको पिकअप गाडी सामान्य मर्मत कार्यका लागि प्रति महिना बढीमा १००००। (दश हजार) सम्म भुक्तानी गर्न सक्ने गरी दोस्रो पक्षसँग सम्झौता भएबमोजिम बिल भरपाईका आधारमा तोकिएको सीमाभित्र रही सवारी मर्मत बापतको रकम दोस्रो पक्षलाई भुक्तानी गर्ने।

३. नौवहिनी गाउँपालिका वडा नं. ६ लुङ लेख मगरवास मोटर बाटोमा वर्षातको समयमा पहिरो गई अवरुद्ध हुँदा तत्काल खुलाउनका लागि सिरुपाते निर्माण सेवा प्रा. लि. को टयाक्टर प्रयोग गरे बापतको रकम रु. ९३७९०।- (त्रियानब्बे हजार सात सय नब्बे मात्र) मर्मत संभार कोषबाट भुक्तानी गर्ने।

४. नौवहिनी गाउँपालिका वडा नं. ४ र ६ अन्तर्गतका खवाङ, लुङ, लुपलुङ सडकका विभिन्न खण्डमा वर्षातको समयमा पहिरो गई अवरुद्ध हुँदा तत्काल खुलाउनका लागि सिरुपाते निर्माण सेवा प्रा. लि. को टयाक्टर प्रयोग गरे बापतको रकम रु. ९९४४०।- (उनान्सय हजार चार सय चालिस मात्र) मर्मत संभार कोषबाट भुक्तानी गर्ने।

५. मिति २०८२।११।०९ गतेका दिन लुङ स्वास्थ्य चौकीको नाममा रहेको रा १ झ २३६ नम्वरको एम्बुलेन्स र लु ३७ प ७०४० नम्वरको मोटरसाइकल आपसमा ठोकिदा नौवहिनी गाउँपालिका वडा नं. १ स्याउलीबाङ निवासी ज्ञान बहादुर गौचनको छोरा कुशल गौचन घाइते भई उपचारको लागि भैरहवा लैजाने क्रममा मृत्यु भएकाले नौवहिनी गाउँपालिकाको विपन्न आर्थिक सहायता कार्यविधि, २०७९ को दफा ३ (ख) को अन्य राहत अन्तर्गत बुँदा नं. ४ मा भएको व्यवस्था बमोजिम मृतकका परिवारलाई किरिया खर्च बापत रु. ४००००। (चालिस हजार मात्र।) र घाइते तथा लास सम्बन्धित स्थानसम्म पुर्याउँदा भएको यातायात खर्च बापत रु. ६००००। (साठी हजार) आर्थिक सहायता मृतकका बाबु श्री ज्ञान बहादुर गौचनको बैंक खातामा भुक्तानी गर्ने।

६. खानी तथा भूगर्भ विभागको च.नं. ७३७ मिति २०८२।०६।२८ गतेको खानी तथा खनिज पदार्थ खोजतलास अनुमति सम्बन्धी पत्रानुसार नौवहिनी गाउँपालिका भित्र रातोमाटो, सेतो कमेरो माटो र स्ल्याब स्टोन लगायतका खनिजहरु व्यवसायिक उत्खनन् तथा बिक्री वितरण नगर्न/ नगराउन भनी सार्वजनिक सूचना प्रकाशन गर्ने।

७. नौवहिनी गाउँपालिका वडा नं. ६ निवासी फुर्सी सुनारले व्यवसायिक रुपमा कुखुरा पाल्दै आएकोमा ५०० वटा कुखुराको चल्ला रहेको खोरमा निउरे मुसा पसी सबै कुखुराको चल्ला



प्रमाणित गर्ने:
नाम: खड्ग बि.क.
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ८२।१२।०५

प्रमाणिकरण गर्ने:
नाम: दिल बहादुर थापा
पद: अध्यक्ष
प्रमाणिकरण मिति: ८२।१२।५

मिति २०८२।१२।०५ गते बसेको गाउँकार्यपालिका बैठकका निर्णयहरुः

७. नौबहिनी गाउँपालिका वडा नं. ६ निवासी फुर्सी सुनारले व्यवसायिक रुपमा कुखुरा पाल्दै आएकोमा ५०० वटा कुखुराको चल्ला रहेको खोरमा निउरे मुसा पसी सबै कुखुराको चल्ला मारिदिएकाले प्रहरी मुचुल्का र वडा कार्यालयको सिफारिस सहित राहत माग गरी निवेदन पेश गरेकाले निजलाई रु. १५०००। (पन्ध्र हजार) आर्थिक सहायता उपलब्ध गराउने।

८. राजनीतिक दलहरुको राष्ट्रिय सम्मेलनका लागि रु. ५००००। (पचास हजार) आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था बमोजिम २०८२ मंसिरमा सम्पन्न नेपाल कम्युनिष्ट पार्टी एमालेको राष्ट्रिय सम्मेलनका लागि रु ५००००। (पचास हजार) आर्थिक सहयोग उपलब्ध गराउने।

९. निशुल्क माध्यमिक शिक्षाको नीतिलाई पुर्ण रुपमा कार्यान्वयन गर्न नौबहिनी गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुलाई विद्यार्थी तथा अभिभावकबाट भर्ना, परीक्षा लगायतका कुनैपनि शुल्क नलिन परिपत्र गर्ने।

१०. वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित कृषि उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ३ संग सम्वन्धित अनुसूचि १ को क्र स नं. ६ मा मसला बाली थप गर्ने।

११. नौबहिनी गाउँपालिका प्युठान जिल्लाकै दुर्गम पहाडी भेगमा रेहको स्थानीय तह भएको र यस गाउँपालिका भित्र हाल जग्गा प्लटिङ तथा खण्डिकरणको कुनै सम्भावना नरहेकाले सोही बमोजिम वेहोरा सम्बन्धित निकायहरुमा प्रतिवेदन गर्ने।

१२. नौबहिनी गाउँपालिका भित्र कृषिको प्रचुर सम्भावना र उत्पादन रहेको छ। यहाँ प्रशस्त मात्रमा खेतियोग्य जमिन उपलब्ध हुनु र यहाँका नागरिकहरु आयआर्जनमा अधिकतम मात्रमा संलग्न हुने गरेकाले खाद्य असुरक्षाको कुनै सम्भावना नरहेको वेहोरा सम्बन्धित निकायहरुमा प्रतिवेदन गर्ने।

१३. स्थानीय पाठ्यक्रम अन्तर्गत मगर खाम भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण सम्वन्धी सरोकारवालाहरुसँग अभिमूखीकरण कार्यक्रम सञ्चालन गरे बापत नेपाल मगर विद्यार्थी संघ, काठमाडौलाई विविध खर्च शिर्षकबाट व्यय हुने गरी खर्च विल भरपाईको आधारमा ५००००। (पचास हजार) रकम भुक्तानी गर्ने।

प्रमाणिकरण गर्नेः
नामः *दिल बहादुर थापा*
पदः *अध्यक्ष*
प्रमाणिकरण मितिः............



CamScanner